# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**
**२०७७/०३/२४**
**छैटौं अधिवेशन**
**(तेइसौं बैठक)**

## बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको तेइसौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

अब आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट)सँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको कार्वाही प्रारम्भ हुन्छ ।

३. माननीय सदस्यहरु,

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट)सँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सभामा छलफल गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा** :- माननीय सभामुख महोदय आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट)सँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

(प्रस्ताव प्रस्तुत भएपछि)

४. माननीय सदस्यहरु,

माननीय सदस्यहरु तपाईहरुले आफ्ना कुरा राख्दा खेरी सभामुखलाई सम्बोधन गरेर गर्नुहोला म यहाहरुलाई जानकारी गराउन चाहान्छु कि तपाईहरुले प्रस्तुत गर्दा खेरी सभामुखलाई नै सम्बोन हुने गरी बोल्नुहोस ।

५. माननीय सदस्यहरु,

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको अनुमान (बजेट)सँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

(घोषणा पछि)

६. माननीय सदस्यहरू,

आजको बैठकको कारवाही यही समाप्त हुन्छ ।अर्को बैठक आजै मिति २०७७ साल आषाढ २४ गते बिहान ९:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।